# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ५** **संख्याः १७** **कार्यपालिकाबाट पारित मितिः २०७९।०८।१५**

**प्रमाणिकरणः२०७९।०८।२०**

**प्रकाशन मितिः २०७९।०८।२१**

## भाग-२

# ठाकुरबाबा नगरपालिका

## ठाकुरबाबा नगरपालिकाको सहकारी सञ्जाल (गठन तथा परिचालन सम्बन्धी ) कार्यविधि, २०७९

**प्रस्तावना :**

आत्मनिर्भर दीगो एवम् समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने मर्मलाई आत्मसाथ गर्दै ठाकुरबाबा नगरपालिकाभित्र संचालित सहकारी संस्थाहरूको प्रर्वद्धन गर्न, आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन गर्न, सहकारी सेवा तथा व्यवसाय संचालन कार्य प्रभावकारी रूपले समयानुकुल अगाडि बढाउन वाञ्छनीय भएकोले ठाकुरबाबा नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा १०१ ले दिएको अधिकार प्रयोग गरी १८२ औं कार्यपालिकाको बैठकले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम **“ठाकुरबाबा नगरपालिकाको सहकारी सञ्जाल (गठन तथा परिचालन सम्बन्धी ) कार्यविधि, २०७९”** रहेको छ ।

(२) यो कार्यविधि ठाकुरबाबा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

ठाकुरबाबा नगरपालिकाको सहकारी सञ्जाल (गठन तथा परिचालन सम्बन्धी) कार्यविधि, २०७९

२. परिभाषा

(१) **"नगर प्रमुख"** भन्नाले ठाकुरबाबा नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(२) **"उपप्रमुख"** भन्नाले ठाकुरबाबा नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

(३) **"नगरपालिका"** भन्नाले ठाकुरबाबा नगरपालिकालाई सम्झनु पर्छ ।

(४) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले ठाकुरबाबा नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ ।

(५) **"संयोजक"** भन्नाले सहकारी सञ्जालको संयोजकलाई सम्झनु पर्छ । सो शब्दले निर्देशक समितिको संयोजकलाई समेत जनाउनेछ ।

(६) **"सदस्य"** भन्नाले सहकारी सञ्जालको सदस्यलाई सम्झनु पर्छ । सो शब्दले निर्देशक समितिको सदस्य र सहकारी संस्थाका शेयर सदस्यहरूलाई समेत जनाउनेछ ।

(७) **"निर्देशक समिति"** भन्नाले कार्यविधिको दफा ७ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ ।

(८) **सहकारी हेर्ने कर्मचारी"** भन्नाले ठाकुरबाबा नगरपालिकाको सहकारी सम्बन्धी कार्यक्रम हेर्ने कर्मचारीलाई सम्झनु पर्छ ।

(९) **"सहकारी सञ्जाल"** भन्नाले ठाकुरबाबा नगरपालिकाले गठन गरेको दफा ६ बमोजिमको सहकारी सञ्जाललाई सम्झनु पर्छ ।

(१०) **"सहकारी बिज्ञ"** भन्नाले सहकारी क्षेत्रमा कम्तीमा सात बर्ष अनुभव प्राप्त व्यक्तीलाई सम्झनु पर्छ ।

(११) **"सह-संयोजक"** भन्नाले निर्देशक समितिको सह-संयोजकलाई सम्झनु पर्छ ।

(१२) **"कार्यपालिकाको बिषयगत समितिको संयोजक"** भन्नाले नगर कार्यपालिकाको सहकारी हेर्ने विषयगत समितिको संयोजकलाई सम्झनु पर्छ ।

(१३) **"संरक्षक"** भन्नाले सहकारी सञ्जालको संरक्षकलाई सम्झनु पर्छ ।

(१४) **"विशिष्टिकृत सहकारी संस्था"** भन्नाले विशिष्टिकृत सहकारी संस्था सम्बन्धी नगरपालिकाको कानून बमोजिम स्थापना भएको सहकारी संस्था सम्झनु पर्छ ।

(१५) **"सहकारी संघ महासंघ"** भन्नाले सहकारी संस्थाहरूको नेतृत्व, प्रतिनिधित्व गर्ने जिल्ला, प्रदेश तथा राष्ट्रियस्तरका एकीकृत सहकारी संघसंसथालाई सम्झनु पर्छ ।

**३. उद्देश्य :**

सदस्य सदस्य बिचको आपसी सहयोग र समुदाय प्रतिको उत्तरदायित्व अनुसार नगरपालिकामा संघीय सरकारबाट हस्तान्तरण भै आएका सहकारी संस्था, नगरपालिकामा दर्ता भई सञ्चालनमा रहेका सहकारी संस्था लगायत सबै सहकारी संस्थाहरूलाई समुदायमा आधारित, सदस्य केन्द्रीत, लोकतान्त्रिक, स्वायत्त एवं स्वशासित संगठनको रुपमा संचालन गर्न सहकारी सञ्जालको उद्देश्य देहाय बमोजिम हुनेछन् :-

(१) सहकारी कानूनले निर्दिष्ट गरे बमोजिम सहकारी संस्थाले सहकारी मुल्य, मान्यता र सिद्धान्त अनुरूप कारोबार संचालनमा सहयोगी भई समन्वयात्मक भूमिका निर्बाह गर्ने ।

(२) नगरपालिकाका सहकारीहरूलाई सहकारी खेती, उद्योग, वस्तु तथा सेवा, व्यवसायको माध्यमबाट आत्मनिर्भर बन्न सहयोग पुऱ्याउने ।

(३) प्रदेश र संघीय सरकारसँग समन्वय र सहकार्य गरी नगरपालिकामा संचालित सहकारीलाई आर्थिक सहयोग, प्राविधिक सहयोग सेवा उपलब्ध गर्ने, गराउन सहयोग गर्ने ।

(४) सहकारीको उद्देश्य अनुसार सहकारी संस्थामा सुशासन कायम राख्न नगरपालिका भित्रका सहकारीहरूबीच समन्वय र सहकार्य गर्ने ।

(५) नगरपालिकाको आवश्यकताका आधारमा सहकारीको माध्यमबाट बस्तु तथा सेवाको उत्पादन, प्रशोधन, बजारीकरण लगायतका कार्यका लागि विशिष्ठकृत सहकारी र सदस्य सहकारीबीच पुलको काम गर्ने ।

(६) सहकारीको माध्यमबाट शीत भण्डार निर्माण, सहकारी पसल संचालन, उद्योग, वस्तु तथा सेवा व्यवसाय लगायतका व्यवसायिक कार्यमा अभिप्रेरित गर्ने र आवश्यक परेमा नगरपालिकासँग साझेदारीमा कार्यक्रम संचालन गर्ने ।

(७) सहकारी शिक्षाको माध्यमबाट स्थानीय नागरिकको आर्थिक, सामाजिक र सांस्कृतिक उन्नयनमा टेवा पुऱ्याउने ।

(८) सहकारी सम्बन्धी आवश्यक कार्यक्रम संचालन गर्न नगरपालिकालाई सिफासि गर्ने र सहयोग पुऱ्याउने।

(९) सहरकारीको क्षमता अभिवृद्धिको लागि विभिन्न निकायसँग सम्झौता गरी सहभागितात्मक तालिम र कार्यक्रमहरू संचालन गर्ने ।

**४. सहकारी सञ्जालको कार्यक्षेत्र :**

सञ्जालको कार्यक्षेत्र ठाकुरबाबा नगरपालिका रहनेछ ।

**५. कार्यालय व्यवस्थापन :**

(१) सञ्जालको आफ्नो कार्य संचालनको लागि सञ्जालले निर्णय गरे बमोजिमको एक कार्यालय रहनेछ ।

(२) छाप, पत्राचार ठेगान, सम्पर्क नम्बर आदि सञ्जालले तोके बमोजिमको हुनेछ ।

(३) सञ्जालले आफैले कार्यालय स्थापना गरी सञ्चालनमा ल्याउन नसक्दासम्म नगरपालिकाले कार्यालय स्थापना र सञ्चालनमा सघाउने छ ।

## परिच्छेद २
## सञ्जाल, निर्देशक समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**६. सञ्जालको गठनः**

(१) नगरपालिकाभित्र कार्यक्षेत्र रहेका र क्रियाशील विषयगत तथा बहुउद्देश्यीय सहकारी संस्थाबाट प्रतिनिधित्व हुने गरी ठाकुरबाबा नगरपालिकास्तरीय सहकारी सञ्जालको गठन देहाय बमोजिम हुनेछ :-

| | |
|---|---|
| (क) अध्यक्ष | १ जना |
| (ख) उपाध्यक्ष | २ जना (विषयगत १ र कार्यक्रमगत १) |
| (ग) कोषाध्यक्ष | १ जना |
| (घ) सचिव | १ जना |
| (ङ) अन्य बाँकी सबै | सदस्य |

(२) उपदफा (१) बमोजिमको सञ्जालका खण्ड (क), (ख), (ग) र (घ) का पदाधिकारीहरू नगर प्रमुखले तोके बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको सञ्जालको गठन गर्दा कम्तीमा तेत्तीस प्रतिशत महिला सुनिश्चित हुने गरी समावेशी चरित्र भएको हुनुपर्नेछ ।

(४) नगरपालिकाका सबै क्रियाशील सहकारी संस्थाले सञ्चालक समितिको निर्णय गराई सञ्चालक समितिले आफूमध्येबाट उपदफा (१) बमोजिमको सञ्जाल गठनको लागि प्रतिनिधि तोकी पठाउनु पर्नेछ ।

तर प्रबन्धकलाई प्रतिनिधि तोक्न पाइने छैन ।

(५) सञ्जालका पदाधिकारीहरूको पदावधि चार (४) वर्ष हुनेछ ।

(६) नगर प्रमुख सञ्जालको संरक्षक हुनेछ ।

(७) नगरपालिकाको सहकारी हेर्ने कर्मचारीले सञ्जालको पदेन सदस्यको रुपमा काम गर्नेछ ।

(८) प्रशासनिक कार्य संचालन गर्नको लागि उपदफा (१) बमोजिमको सञ्जालबाट नगर प्रमुखले तोके बमोजिमको पाँच सदस्यीय प्रबन्ध समिति गठन गरी कार्य संचालन गर्न सकिनेछ ।

(९) सञ्जालको कुनै पदाधिकारी वा सदस्य आफ्नो सहकारी संस्थाको सञ्चालक समितिको पदाधिकारीको पदबाट मुक्त भएमा सञ्जालको पदाधिकारी वा सदस्यबाट समेत स्वतः पदमुक्त हुनेछ । यसरी पदमुक्त भएको पदाधिकारी वा सदस्यका लागि सम्बन्धित सहकारीले अर्को प्रतिनिधि तोकी पठाउनु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम पदमुक्त भएको पदाधिकारी वा सदस्यका स्थानमा नगर प्रमुखले सञ्जालको कुनै अर्को व्यक्तिलाई तोक्ने छ ।

**७. निर्देशक समिति :**

(१) दफा ६ बमोजिम गठन भएको सञ्जाललाई आवश्यक सल्लाह, सुझाव र सहकारी सम्बन्धमा नियमन, निर्देशन तथा समन्वय गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछ :-

| | |
|---|---|
| (क) नगर प्रमुख वा निजले तोकेको प्रतिनिधि | संयोजक |
| (ख) नगर उपप्रमुख | सह-संयोजक |
| (ग) कार्यपालिकाको विषयगत समितिको संयोजक | सदस्य |
| (घ) सहकारी हेर्ने कर्मचारी | सदस्य-सचिब |

(२) समितिले आवश्यकतानुसार प्रमुख प्रशासकीय अधिकृत र सहकारी विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) संयोजकको निर्देशनमा सदस्य सचिवले बैठक बोलाउनेछ र बैठक सम्बन्धी आबश्यक व्यवस्थापन गर्नेछ ।

(४) निर्देशक समितिको राय, सुझाव र निर्देशन दफा ६ बमोजिम गठित सहकारी सञ्जालको लागि मार्गदर्शन हुनेछ ।

(५) सञ्जालबाट प्राप्त प्रतिवेदन, राय सुझावका सम्बन्धमा छलफल, अध्ययन, अनुसन्धानका कार्य गरी आवश्यक काम कारबाही अगाडि बढाउन सक्नेछ ।

**८. सञ्जालको बैठक सम्बन्धी व्यवस्था :**

(१) संयोजकले तोकेको मिति, समय र स्थानमा सचिवले सञ्जालको बैठक बोलाउने छ।

(२) संयोजकको निर्देशनमा सचिवले बैठक बस्नुभन्दा कम्तीमा ३ (तीन) दिन अघि बैठकका विषयको जानकारी सबै सदस्यहरूलाई गराउनु पर्नेछ।

(३) सञ्जालमा बहुमत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ। निर्णय गर्दा मत बराबर भएमा संयोजकले निर्णयक मत दिनेछ।

(४) सञ्जालको बैठकका बिषय र निर्णय सहकारीको मूल्य, मान्यता, सिद्धान्त र प्रचलित सहकारी कानुन बमोजिम सहकारी संस्थाको प्रबर्द्धन, विकास र सदस्यको आर्थिक उन्नतिमा केन्द्रित रहनेछन्।

(५) सञ्जालको बैठकको निर्णय पुस्तिका संयोजकले प्रमाणित गर्नेछ।

(६) सञ्जालको दुई बैठक बीचको अन्तर साठी दिनभन्दा बढी हुनेछैन।

(७) सञ्जालले बैठक सम्बन्धी कार्यविधि आफै निर्धारण गर्न सक्नेछ।

**९. सञ्जालको काम, कर्तव्य र अधिकार :**

(१) दफा ३ बमोजिमको उद्देश्य प्राप्तिका लागि नगरपालिका तथा संघ र प्रदेश सरकारसँग सहकार्य गरी नगरपालिका स्तरीय सहकारीको विकासमा प्रभावकारी भूमिका निर्वाह गर्ने।

(२) प्रत्येक वर्षको प्रथम चौमासिक अवधिभित्र कम्तीमा एकपटक नगरपालिका स्तरीय सहकारी संस्थाहरूको भेला गर्ने र सहकारी संस्थाहरूको चौमासिक, अर्धवार्षिक र वार्षिक प्रगति समीक्षा कार्यक्रम गर्ने।

(३) नगरपालिकाभित्र कार्यक्षेत्र रहेका सहकारी संस्थाहरूको लागि आवश्यक सहकारी सम्बन्धी तालिम तथा कार्यक्रम संचालन गर्न नगरपालिकाको सहकारी शाखालाई सिफारिस गर्ने र सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धनका निम्ति स्थानीय गैरसरकारी संघ सस्था तथा गैर नाफामुलक संघ संस्थासँग समन्वय र सहकार्य गर्ने।

(४) उपदफा (३) बमोजिमका तालिम तथा कार्यक्रमकाको बारेमा दफा ७ बमोजिम गठित निर्देशक समितिलाई जानकारी गराउने।

(५) नगरक्षेत्रभित्र कार्यक्षेत्र रही नगरक्षेत्रमा प्रधान कार्यालय तथा सेवा केन्द्र कार्यालय खोलेका र बहुउद्देश्यीय सहकारी संस्थाहरूको विस्तृत विवरण समावेश गरी प्रत्येक श्रावण मसान्तभित्र तथ्याङ्क संकलन तथा प्रकाशन गर्ने।

(६) उपदफा (५) बमोजिम तथ्याङ्क संकलन गर्दा सञ्जालले आवश्यक नमूना फारामहरू तयार गरी नगरपालिकाको स्वीकृति पश्चात् प्रयोग गर्न सक्नेछ।

(८) नगरपालिका स्तरीय सहकारीहरूको समग्र विकासको लागि नगरपालिकालाई आवश्यक राय, सुझाव र पृष्ठपोषण गर्ने।

(९) सहकारी दिवस, उत्सव, कार्यक्रमको आयोजना, सञ्चालन र व्यवस्थापन गर्ने गराउने।

(१०) उत्कृष्ट सहकारी संस्था, सहकारीकर्मी, सहकारी सेवा छनौट गरी पुरस्कारका लागि सिफारिस गर्ने।

(११) नगरपालिका, निर्देशक समिति र सञ्जालले तोकेका आवश्यक अन्य कार्य गर्ने।

## परिच्छेद ३
## विविध

**१२. सहकारी कोषको व्यवस्था :**

(१) नगरपालिकाभित्र कार्यक्षेत्र रहेका सहकारीको समग्र विकासको लागि सहकारी कोषको व्यवस्था गरिनेछ।

(२) नगरपालिका, प्रदेश सरकार, संघीय सरकार, गैर सरकारी तथा गैर नाफामुलक संघ संस्थाबाट कोषको लागि प्राप्त रकम यसै कोषमा जम्मा हुनेछ।

(३) कोषको संचालन सञ्जालको संयोजक र सहकारी हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ।

(४) उपदफा (२) बमोजिमको कोषको रकम सहकारी बैंक वा वाणिज्य बैंकमा जम्मा गरिनेछ।

(५) कोषको रकमको कारोबारको लेखा दोहोरो लेखा प्रणाली अनुसार राख्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको लेखाको लेखापरीक्षण प्रत्येक वर्ष रजिष्टर्ड लेखापरीक्षकबाट गराउनु पर्नेछ।

(७) सञ्जालले लेखापरीक्षण प्रतिवेदन उपदफा (२) बमोजिमको कोषमा रकम जम्मा गर्ने निकायहरूमा समेत पठाउनु पर्नेछ।

**१३. सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई गर्ने :**

(१) सञ्जालले कार्यविधिमा उल्लिखित उद्देश्य अनुसार सञ्जालबाट भए गरेका निर्णय, कार्यक्रम, सहकारीले प्राप्त गरेका सेवा सुविधा, सदस्यको सन्तुष्टिस्तर, आर्थिक कारोबार लगायतका विषयमा सार्वजनिक सुनुवाई गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम भएको सार्वजनिक सुनुवाईको प्रतिवेदन नगरपालिकामा पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदनमाथि छलफल गरी नगरपालिकाले आवश्यकता अनुसार सञ्जाललाई निर्देशन दिन सक्नेछ।

(४) सञ्जालले यस नगरपालिकामा रहेका सहकारी संस्थाहरूले वार्षिक रूपमा बजेट तथा कार्यक्रम बमोजिमका क्रियाकलापहरू लगायतका बारेमा गरेका सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई सम्बन्धी प्रतिवेदनहरूमाथि समीक्षा गर्ने र कैफियतका सम्बन्धमा राय सुझाव सहितको प्रतिवेदन निर्देशक समिति समक्ष पेश गर्नेछ।

**१४. खारेजी र बचाउ :**

(१) सञ्जालद्धारा सञ्चालित गतिविधि, आर्थिक कारोबार लगायतका विषयहरू नगरपालिका र सहकारी सम्बन्धी प्रचलित कानुन बमोजिम व्यवस्थित हुनेछन्।

(२) यो कार्यविधि सहकारीका प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ।

**आज्ञाले,**

**रामहरि रिजाल,**

**प्रमुख प्रशासकीय अधिकृत**